म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ६७ शुक्रबार २८ असोज २०७९ ने. सं. ११४२ कौलागा 14 October, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आगलागी हुँदा ट्रक जलेर पूर्णरुपमा नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ उत्तरी मकवानपुरको थाहानगर पालिकामा आगलागी हुँदा ट्रक जलेर पूर्णरुपमा नष्ट भएको छ ।

थाहानगरपालिकाको गैरी गाउँको भित्रि सडकखण्डमा बिग्रेर रोकी राखेको ट्रकमा आगलागी हुँदा ट्रक जलेर पूर्णरुपमा नष्ट भएको हो । बागामती प्रदेश-०१-००६ ख ३२८९ नम्बरको मिनिट्रकमा अचानक आगलागी भएको जनाइएको छ । आगलागीबाट ट्रकको अगाडीको



भाग जलेको र अन्य भागसमेत जलेर नष्ट भएको मकवानपुर प्रहरीले जनाएको छ । आगलागीको कारण नखुलेको र प्रहरीले घटनाको आवश्यक अनुसन्धान सुरु गरेको जनाएको छ ।

# कोरोना महामारी सम्झाउने डेंगु, प्रत्येक वडामा स्प्रे गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ मकवानपुरमा कोरोना (कोभिड-१९) महामारीलाई सम्झाउने गरी एडिस जातिका (एजिप्टाइ र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुन डेंगु संक्रमण फैलिएको छ ।

कोरोना महामारीको त्रास घटेको करिब १ वर्षपछि डेंगु संक्रमण जिल्लाभर फैलिएको हो । कोरोना संक्रमणको त्रास घटेको केही समयभित्रै मकवानपुरका १० वटै स्थानीय तहमा डेंगुले भयावह बनाएको हो । डेंगुका बिरामीले जिल्लास्थित हेटौंडा अस्पताल र निजी अस्पताल भरिएका छन् । दैनिक दोहोरो अंकमा डेंगु संक्रमित फेला परिरहेका छन् ।

बिहीवार एकैदिन जिल्लामा १ सय ६२ जना नयाँ डेंगु संक्रमित थपिएका छन् । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार पछिल्लो २४ घण्टाभित्र हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी, मनहरी, भीमफेदी र राक्सिराङ गाउँपालिका घर भएकाहरुमा डेंगु देखिएको हो । यी पाँच स्थानीय तहमध्ये हेटौंडा उपमहानगरमा सबैभन्दा धेरै डेंगु संक्रमित फेला परेका छन् ।

१ सय ६२ मध्ये हेटौंडामा मात्रै १ सय ४२ जनामा संक्रमण भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । बिहीवार मकवानपुरगढीमा ९ जना, मनहरीमा ८ जना, भीमफेदीमा २ र राक्सिराङमा १ जनालाई संक्रमण देखिएको हो ।

कोरोना संक्रमण दैनिक फैलिए जस्तै डेंगुका बिरामीहरु पनि दैनिक थपिँदै गएको तथ्यांकले देखाएको छ । हेटौंडा अस्पतालमा डेंगुको किट नै अभाव भइरहेको छ । डेंगु लक्षण देखिएका बिरामीहरुले सहजै डेंगु परीक्षणका लागि किट नपाएको गुनासो छ । मकवानपुरमा





बिहीबारसम्म ३ हजार ९ सय २४ जनालाई डेंगु संक्रमण भएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । जसमध्ये पुरुष २ हजार १ सय ९३ र महिला १७३१ जना रहेका छन् ।

हेटौंडामा मात्रै ३ हजार २ सय ८६ जनामा संक्रमण भएको हो । डेंगु संक्रमणबाट हेटौंडापछि सबैभन्दा धेरै प्रभावित बनेको मनहरी गाउँपालिकामा हालसम्म ३ सय ३६ जनामा संक्रमण देखिएको कार्यालयले जनाएको छ । थाहा नगरपालिकामा १ सय २८ जना, मकवानपुरगढीमा ६७ जना, भीमफेदीमा ३१ जना, बकैयामा २४, राक्सिराङमा १० जना, बागमती र कैलाशमा १०-१० जना, इन्द्रसरोबरमा १ जनालाई संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

जिल्लाभित्र जाँच गराउँदा डेंगु संक्रमण देखिएका २० जनाको ठेगाना नखुलेको जनाइएको छ । बाहिरी जिल्लाका तर मकवानपुरमा बसोबास गर्ने ९ जनामा संक्रमण देखिएको हो । मकवानपुरमा हालसम्म १ जनाको डेंगु संक्रमणबाट मृत्यु भएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरका सुचना अधिकृत लक्ष्मण घिमिरेका अनुसार गत आर्थिक वर्ष २०७८/०७९ मा १ सय ९५ जना डेंगुको संक्रमणमा रहेपनि चालु आर्थिक वर्ष २०७९/०८० मा अहिले सम्म ३ हजार ७ सय ६२ जना डेंगुको बिरामी भैसकेका छन् । अहिलेको संक्रमण दर अनुसार डेंगु डरलाग्दो अवस्थामा पुगेको उनले बताए । हेटौंडामा डेंगुका बिरामी उपचार पछि निको भएपनि दोहोरीने बिरामीहरुपनि फेला परेको तथ्याङ छ ।

मकवानपुरका १० पालिकामध्ये सबैभन्दा बढी प्रभावित बनेको हेटौंडामा डेंगु संक्रमण भयावहको स्थितिमा पुगेको छ । उपमहानगरपालिकाले नगरभित्रका १९ वटै वडामा डेंगु नियन्त्रणका लागि स्प्रे छर्ने कार्यलाई निरन्तरा दिइरहेको हेटौंडाका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । हेटौंडामा डेंगु नियन्त्रण गर्न सुरु गरेको किटनासक औषधि सहितको स्प्रे नगरका सबै वडाहरुमा पुऱ्याइएको उनले बताए । वडा कार्यालयहरुले पनि स्प्रे छर्ने कार्यलाई प्रमुखताका साथ ध्यान दिइरहेका छन् । ३ नम्बर वडा कार्यालयले हरेक दिन स्प्रे छर्दै आइरहेको छ । डेंगुको जोखिम उच्च हुँदै गएपछि उपमहानगरले स्प्रे अभियानलाई थप गर्दै लगेको प्रवक्ता न्यौपानेले बताए ।

असारको अन्तिम साताबाट डेंगुको बिरामि देखिन थालेपछि उपमहानगरले स्वास्थ्य कार्यालय मकवानपुरको समन्वयमा नगरभरि डेंगु रोग फैलाउने लामखुट्टेको लर्भा नष्ट गर्ने कार्यक्रम सँगै स्प्रे अभियानलाई पनि अघि बढाएको हो । उपमहानगरले फैलँदै गरेको डेंगु नियन्त्रणका लागि नियमित रुपमा स्प्रे अभियानसहित बिरामीलाई उपचारमा सहयोग पुऱ्याउनका लागि हेटौंड अस्पतालाई २ हजार भन्दा बढी परिमाणमा किट सहयोग गरेको नगर प्रमुख मिनाकुमारी लामाले बताइन् । किट अभावकै कारण नगरवासी सहित अन्य बिरामिहरुले उपचारमा समस्या व्यहोरेपछि नगरपालिकाले खरिद गरेर किट हस्तान्तरण गरिएको उनले बताइन् ।

नियमित स्प्रे गर्दा पनि डेंगु नियन्त्रणमा नआउनुले थप समस्या भएको उनले बताइन् । अहिले घर बाहिर भन्दा पनि नगरवासीले घर भित्रको सुरक्षालाई ध्यान दिन आवश्यक रहेको बताइन् । उपमहानगरपालिकाले १ देखि १९ नम्बर वडा र स्थानीयको माग अनुसार स्प्रे अभियान चलाइएको जनाइएको छ । बढीमात्रामा बजार क्षेत्रमा डेंगुका बिरामीहरु घेरै देखिएकाले अभियानलाई बजार केन्द्रित गरिएको उपमहानगरपालिका कार्यालयले जनाएको छ ।

उपमहानगरले हेटौंडा बजार क्षेत्रको २, ४, ५, १, १० नम्बर वडालाई प्राथमिकतामा राखेर स्प्रे अभियान चलाइरहेको छ । जोखिम पूर्ण वडाको रुपमा रहेको ४ नम्बर वडालाई विषेश प्राथमिकतामा राखेको अभियानलाई सञ्चालन गरिरहेको उपमहानगरपालिका कार्यालयले जनाएको छ ।

चिकित्सकहरुका अनुसार तीन दिनदेखि १० दिनसम्म लगातार ज्वरो आयो भने डेंगु भएको बुझ्नु पर्छ । डेंगु ज्वरो आउदाँ शरीरको तापक्रम १०२ डिग्रीदेखि १०३ डिग्रीसम्मको हुन्छ । असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेशीहरु दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा र गत जमेको दागहरु देखापर्ने, बेहोश हुने डेंगु लाग्दा देखिने लक्षणहरु हुन् । डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको बृद्धि रोक्न पानी जम्न सक्ने भाँडाहरु जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु, गाडीका काम नलाग्ने टायरहरुमा पानी जम्न दिनुहुँदैन ।

# पाँच वर्षमा पनि बनेन प्रदेशसभा भवन



साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ बागमती प्रदेशमा निर्वाचित भएर आउने नयाँ प्रदेशसभा सदस्यहरुले आफ्नो कार्यकाल साविकको पुरानो भवनबाट नै सुरु गर्नुपर्ने भएको छ ।

प्रदेशसभाको पहिलो कार्यकालले पनि आफ्नो कार्यकाल सोही भवनमा अन्त्य गरेको थियो । प्रदेशसभाको बैठक राख्ने प्रयोजनका लागि हेटौंडा-१० टीसीएन रोडमा निर्माण सुरु गरिएको नयाँ सभाहलको काम समयमै सम्पन्न नभएपछि अब आउने नयाँ सदस्यहरुले पनि प्रदेशसभाको आफ्नो कार्यकाल सोहि पुरानो भवनबाट गर्नुपर्ने भएको छ ।

प्रदेशसभाको भवन निर्माण सम्झौता भएको समयदेखि हालसम्म करिब २४ महिनाको अवधिमा सभाहल निर्माणको काम ७० प्रतिशत मात्र सकिएको छ । २०७७ कात्तिकमा निर्माण सम्झौता भएको ट्रस्टको सभाहल निर्माण सुस्त गतिमा अगाडि बढिरहेको छ ।

सभाहल निर्माणको ठेक्का अवधि समाप्त भइसक्दा पनि निर्माण कार्य सम्पन्न भएको छैन । सहरी विकास तथा भवन कार्यालय हेटौंडाका अनुसार ३ पटकसम्म निर्माण कम्पनीलाई समयमै काम सक्न पत्र काटे पनि कुनै पनि उपलब्धि नभएको हो । शहरी विकास तथा भवन कार्यालय हेटौंडाका प्रमुख घनश्याम श्रेष्ठका अनुसार १८ महिनामा सम्पन्न गर्नेगरी भवनको ठेक्का लगाइए पनि विभिन्न बहानामा निर्माण कम्पनीले समयमा काम नगरेको हो । सभाहल निर्माणका लागि अर्घाखाँची सगुन पारामाउन्ट जेभीलाई १८ महिनाको म्याद दिएर ठेक्का लगाइएको थियो ।

सम्झौताअनुसार निर्माण कम्पनीले २०७९ वैशाख २१ भित्र सभाहल बनाई सक्नुपर्ने थियो । तर, अझै ३० प्रतिशत काम बाँकी छ । २ सय ५० जना अट्ने यो सभाहल ईपीएस स्यान्डविच प्रविधिबाट निर्माण भइरहेको छ ।

सभाहल निर्माणका लागि सहरी विकास तथा भवन कार्यालयले ७ करोड ४१ लाख लागत अनुमान गरेको थियो भने घटाघट विधिअनुसार ४ करोड ९४ लाख रुपैयाँमा ठेक्का लगाएको थियो । प्रदेश सरकार स्थापना भएको ५ वर्ष पूरा भइसकेको छ । २०७४ माघ १८ मा प्रदेशसभा सचिवालय स्थापना गरी हेटौंडाबाट काम कारबाही थालिएको थियो । उनका अनुसार भवनको 'फिनिसिङ' को काम सुरु नै भएको छैन । विद्युतीकरण, साउन्ड सिस्टम जडान, फल्स सिलिङ हाल्ने, सजावट गर्नेलगायत काम पनि बाँकी छन् । कार्यालयले माघभित्रमा काम सक्ने गरी थप समय कम्पनीलाई उपलब्ध गराउने तयारी गरिरहेको उनले बताए ।

उनले नयाँ प्रविधिको काम भएका कारण पनि समयमा निर्माण सामग्री प्राप्त नभएकाले सभाहल निर्माणको काममा प्रगति नदेखिएको बताए । कोरोना संक्रमणको जोखिमले सामग्री आयातमा समस्या हुँदा निर्माण कार्यमा ढिलाइ भएको ठेकेदार पक्षको पनि भनाइ छ ।

तत्कालीन समयमा क्षेत्रीय शिक्षा निर्देशनालय रहेको भवनमा प्रदेशसभा सचिवालय स्थापना गरिएको थियो । हालसम्म सोही भवनबाट प्रदेशसभाको काम कारबाही सञ्चालन भइरहेको छ ।

## लागूऔषधसहित तीन जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ मकवानपुर प्रहरीले लागूऔषधसहित तीन जनालाई पक्राउ गरेको छ ।

प्रहरीले मकवानपुरको मनहरी गाउँपालिका वडा नं.८ सिमपानीबाट लागूऔषधसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा भारत मोतिहारी बस्ने ३५ वर्षीय रमेस माझी, भारत मोतिहारीकै ५५ वर्षीय हरिन्द्र माझि र भारत मोतिहारीकै ४० वर्षीय दिलिप माझी रहेका छन् ।

राक्सिराङ-देवकोट सडकखण्ड अन्तर्गत राक्सिराङबाट मनहरीतर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ च १३१८ नम्बरको बलेरोमा सवार उनीहरुलाई चेकजाँच गर्दा लागूऔषध गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्लाष्टिकको झोलामा प्याक गरी शरिरमा लुकाईछिपाई ल्याएको अवस्थमा साँढे १२ किलो परिमाणमा गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेक बहादुर कार्कीले बताए । उक्त लागूऔषध गाँजासहित तीनै जनालाई नियन्त्रणमा लिएर कारवाही प्रक्रिया अगाडि बढाइएको उनले बताए ।

## अरिंगालको टोकाईबाट एक जनाको मृत्यु

हेटौंडा, २७ असोज/ मकवानपुरमा अरिंगालको टोकाईबाट एक जनाको मृत्यु भएको छ ।

अरिंगालको टोकाईबाट भिमफेदी गाउँपालिका-६ पारिबजार बस्ने ६२ वर्षीय कृष्ण बहादुर स्याङतानको ज्यान गएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरमा प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक टेक बहादुर कार्कीका अनुसार बुधकार दिउँसो घर नजिकैको कापडाडास्थित जंगलमा गोरु चराउन जाँदा स्याङतानलाई



कालो अरिंगालले टोक्दा घाइते भएका थिए । स्याङतानलाई अरिंगालले टोक्ने वित्तिकै अस्पताल ल्याइएको भए पनि हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि चितवनको कुलहर अस्पताल लगिएको थियो । उनको उपचारको क्रममा मृत्यु भएको प्रवक्ता कार्की जानकारी दिए ।

## प्रहरी दिवसमा सुरक्षा सचेतनासम्बन्धी बृत्तचित्र प्रदर्शन





साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले ६७ औं प्रहरी दिवसको अवसरमा सुरक्षा सचेतनासम्बन्धी बृतचित्र प्रदर्शन गरेको छ ।

कार्यालयमा आएका सेवाग्राहीहरुलाई कार्यालयको परिसरभित्र रहेको नागरिक सहायता कक्षमा सुरक्षा सचेतना सम्बन्धि बृतचित्र प्रदर्शन गरिएको हो । उक्त कार्यक्रममा मकवानपुर प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक टेक बहादुर कार्कीले सुरक्षा सचेतनासम्बन्धी बृतचित्रको बारेमा जानकारी गराएका थिए । उनले सेवाग्राहीहरुसंग अन्तरक्रिया समेत गरेका थिए । कार्यक्रमलाई प्रहरी निरीक्षक चुडा कुमारी खड्का र प्रहरी निरीक्षक बलराम श्रेष्ठले सहजीकरण गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# डेंगु रोग नियन्त्रणमा जनस्तरमा उच्च सावधानी आवश्यक

मकवानपुर जिल्लामा डेंगु रोगको संक्रमण बढ्दो अवस्थामा छ । त्यसमा पनि हेटौंडा उपमहानगरपालिकामा यसको दर सबैभन्दा बढी छ । दैनिक दुई सय जनाको हाराहारीमा बिरामीको संख्या थपिइरहेको छ । तैपनि यसको नियन्त्रणमा आवश्यक सावधानी नपुगेको स्पष्ट हुन सकिन्छ । एडिस जातिका (एजिप्टाइ र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुने भाइरल ज्वरोमध्ये डेंगु एक हो । यो रोग लागेमा तीन दिनदेखि १० दिनसम्म ज्वरो आउने, शरीरको तापक्रम १०२ देखि १०३ डिग्रीसम्म हुने, टाउको असाध्यै दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांशपेशीहरु दुख्ने, वाकवाकी लाग्ने, शरीरमा बिबिरा आउने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरु देखापर्ने तथा बेहोस हुने जस्ता लक्षणहरु देखिने चिकित्सकहरुले बताएका छन् । ज्वरोसंगै शरीरमा दुखाई हुने र खान मन नलाग्ने हुँदा यो रोगले शरीर पूरै शिथिल बनाउने गर्दछ ।

डेंगु लागेर निको भएका बिरामीहरुले 'यो रोग शत्रुलाई पनि नलागोस्' भनेर सामाजिक सञ्जालमै सन्देशहरु पोष्ट गरेको हामीले देख्यौं । प्रत्यक्ष भेटेर प्रतिक्रिया लिँदा पनि साह्रै गाह्रो भएको पाइएको छ । कतिपयले त अकालमै ज्यान गुमाउनु परिरहेको छ । यस्तो अवस्थामा स्थानीय सरकारको तर्फबाट माइकिङ, सञ्चारमाध्यममा पत्रपत्रिका, अनलाईन, रेडियो तथा टेलिभिजनबाट पनि निरन्तर सचेतनामूलक सन्देशहरु प्रवाह भइरहेका छन् । टोल सरसफाई राख्ने, पूरा बाउला कपडा लगाउने, लामखुट्टेको टोकाइबाट बच्नेलगायतका सावधानीका उपायहरु नै यो रोग लाग्नबाट बच्ने उपायहरु हुन् ।

डेंगु रोगको छुट्टै उपचार छैन । यसकारण पनि यो रोग लागेर धेरै मानिसहरुले अकालमा ज्यान गुमाएका छन् । त्यसैले यो रोग लाग्नै नदिनु नै उत्तम उपाय हो । यसको लागि सचेतनामूलक सन्देशलाई अक्षरस पालना गर्नुको विकल्प छैन । अनावश्यक रुपमा घरबाट ननिस्किने, भिडभाडमा नजाने, अत्यावश्यक काममा निस्किनु परेमा लामखुट्टेको टोकाइबाट बच्ने उपायहरु अपनाउने र लामखुट्टेको संख्या बृद्धि हुन नदिन यसको लार्भामै नष्ट गर्ने काममा हामी सबै निरन्तर लाग्नु जरुरी छ । यति गर्न सके हवात्तै बढिरहेको डेंगुको महामारी नियन्त्रण गर्न सकिन्थ्यो कि ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो


भोलि वि.सं. २०७९ असोज २९ गते शनिबार १५ अक्टोबर २०२२ । कार्तिक कृष्णपक्ष षष्ठी । कौलागा ११४२ ने.सं. । सूर्योदय ६:०४, सूर्यास्त ५:३३ । ग्रामीण महिला दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विदेशबाट लाभ | तुला | : भाग्यबाट सन्तोष |
| वृष | : आफन्तमा विवाद | वृश्चिक | : अनावश्यक झंझट |
| मिथुन | : मांगलिक कार्यमा मन | धनु | : गृहकलहमा वृद्धि |
| कर्कट | : मानसम्मानमा वृद्धि | मकर | : सम्पत्तिबाट लाभ |
| सिंह | : स्थानान्तरणको योग | कुम्भ | : आर्थिक हानि |
| कन्या | : धर्मबाट सन्तोष | मीन | : आर्थिक लाभ |

# विदेशिएका सन्तानलाई आमाको पत्र: डलर पठाइदेऊ !

**बाबा-मामुबीचको नोकझोक मिलाउन र देशको ढुकुटीमा अलिकति भने पनि विदेशी मुद्रा थप्न, डलर पठाइदेऊ ! बाबुनानी हो, देश टाटपल्टन लाग्यो, डलर पठाइदेऊ !**



**लक्ष्मीविलास कोइराला**

*प्रिय बाबुनानी, शुभ आशीर्वाद !*

हामी बाबा-मामु आराम छौं । तिमीहरू पनि आरामै छौ भन्ने कामना गर्दछु । नेपालमा त अब चाडबाडहरू सुरु भए । दशैं सकियो, तिहार, छठ आउँदैछन् । चाडबाड आयो कि तिमीहरूको सम्झनाले चिथोर्न थाल्छ । तिमीहरू विदेश गएको पनि धेरै वर्ष भएछ, हातगोडाका औंला भाँच्दै गन्दा अत्यासै लाग्यो । यसो ऐना अगाडि उभिएको त कन्चटनेर दुईचार वटा कपाल पनि फुलेछन् । आँखाको छेउछेउमा छाला पनि चाउरी परे जस्तो देखें । पीरले खर्लप्प खायो । म त भागें ऐनाको अगाडिबाट । बाबा त सेतो दाह्री बढे पनि कसरी ढुक्कसँग बस्न सक्नुहुन्छ कुन्नि ? उमेरमै बुढो हुने रहर, क्या !

हेर, संसारमा सूचना सञ्चारप्रविधिको विकास भयो । मानव जीवन प्राकृतिकबाट मेकानिष्टिक जीवनमा रूपान्तरण भयो । मोबाइलमा आधारित नेटवर्क र सामाजिक सञ्जालको प्रयोग बढेर गयो । भाइबर, म्यासेन्जरमा कल गर्ने लत बस्यो । घण्टौं कुरा हुन थाल्यो । तर, भिडियो कलमा घण्टौं कुरा गर्दा पनि खै किन हो किन, म त आफ्नो मनमा उठेका सबै भावना पोख्नै सक्दिनँ । पालो पर्खेर पँधेरामा पानी भरे जस्तो गरी पालै पालो कुरा गर्दा त, खै रमाइलो पनि लाग्दैन । तिमीहरूसँग फोनमा कुरा गरेर मेरो कहिल्यै धीत मरेन । मनमा लागेको कुरा मन खोलेर भन्नै नसकिने । छोराछोरीसँग पनि केवल औपचारिक, औपचारिकता निभाउन मात्रै फोन गरे जस्तो । छोराछोरीलाई सुनाउँछु भनेर लिष्ट बनायो । कुरा गर्दै जाँदा सुनाउन छुट्छ, अनि दिनभर थै थै ! कुराहरूको भारी बोकेर हिंडेको जस्तो, मात्रै ।

मलाई चिठ्ठी लेख्न खुब मनपर्छ । चिठ्ठी लेखाइ जीवन्त हुन्छ । चिठ्ठीमा लेख्दा भावना तँछाडमछाड गर्दै उम्लिएर आउँछन् । भावनामा बग्न कति आनन्द आउँछ ! म आजकल पनि बाबाले जापानबाट लेख्नुभएका चिठ्ठी फुर्सदको बेला पढेर आनन्द लिन्छु । चिठ्ठी पढ्दा इमोशनल हुन्छु । पढेर रमाउँछु । तिनताकाको जीवन प्राकृतिक थियो । फोन थिएन, मोबाइल र ईमेलको कुरै भएन । हुलाकीले कहिले चिठ्ठी ल्याउँला भनेर कुर्नुपर्दथ्यो । कुर्दा पनि रमाइलो हुने क्या ! चिठ्ठी लेख्दा त मनका कुरा रित्याएर भन्न सकिन्छ नि ! तर, इमेल र फ्रिकलले त चिठ्ठी लेख्ने बानी पनि छुटाइदियो । लेख्ने कला पनि बिर्साइदियो । चिठ्ठी लेखे पनि कसले पढ्ने ? कसलाई पढ्ने फुर्सद छ र !

मनमा धेरै कुरा भन्न बाँकी भएर होला सधैं मन गहरुङ्गो हुन्छ । मनमा भएका कुराहरूको पत्र-पत्र खोल्न म आज चिठ्ठी लेख्न बस्दैछु । मैले बाबाले जापानमा पढ्न जाँदा मलाई लेख्नुभएको चिठ्ठी जतनसँग राखेकी छु । आजको लेखाइ त्यहींबाट सुरु गर्छु, ल ! पढ्दा पढ्दा र काम गर्दा गर्दा थाकेको भए पनि चिठ्ठी पढ्ने फुर्सद निकालौला भन्ने आशा गरेकी छु । बाबाले मलाई लेखेका चिठ्ठीहरूको अंश पढ्दा तिमीहरूलाई पनि रमाइलो लाग्ला पढ ल !

*प्रिय फदयकी रानी,*

नदीभन्दा लामो, सागरभन्दा गहिरो, सगरमाथाभन्दा अग्लो, ताराभन्दा चम्किलो माया र प्रेम तिमीलाई । बाबा कसरी पोखिनुभएको छ हेर त चिठ्ठीमा । चिठ्ठीका हरफ हरफमा लेखिएको टोकियोको दिनचर्या पढ्दा म पनि उहाँ सँगसँगै टोकियोमा छु जस्तो लाग्ने । चिठ्ठीमा जस्तो फोनमा त कहाँ मनको भाव यसरी पोख्न सकिन्छ र ? निख्रने ग री । चिठ्ठी लेखिसकेपछि अन्तिममा बाबा फेरि लेख्नुहुन्छ- 'तिमीलाई सधैं माया गरिरहने तिम्रो राजा, तिम्रो आसिक ।' प्रेमको एउटा किताब पढे जस्तो, एउटै चिठ्ठीमा । म पनि के कम थिएँ र ! बाबालाई लेखेको पत्रको कार्बन बनाएर राखेकी थिएँ । पढ्छौ भने लेख्छु ल ।

*मेरो मनप्रिय फदयको राजा, मुरीमुरी माया, अटुट सम्झना !*

हजुर जापान गएपछि म कहाँ नेपालमा छु र ? उतै त छु हजुर सँगसँगै । प्रेमको डोरीले तानिरहेको छ मलाई । छ्या, कस्तो लाज लाग्यो । बाबालाई लेखेको चिठ्ठी तिमीहरूलाई सुनाउँदा त, भो अहिले सुनाउँदिन । नेपाल आउँदा पढ्न दिउँला बरु । मोबाइल फोन, फेसबुक, इमेल आएपछि त हरायो, मान्छेको सिर्जनशीलता । इमेलमा त के धेरै लेखिन्छ र ! कामको कुरा लेख्यो पुग्यो । लेख्छु भने पनि भावना नै जाग्दैन, स्वच्छन्द भएर बहकिन, उड्न पनि सकिंदैन । अनि सधैं मनको कुरा मनमा नै थुप्रिरहने । तिमीहरू गएपछि हामी पनि नवीन जीवन शैलीमा बाँच्न सिकिरहेका छौं । बाबा र म आफू-आफूमा गफिने र रमाउने गर्दछौं । मन परेको पकाउने, खाने, मन परेको किन्ने, लाउने । अहिले भर्खर बिहे गरे जस्तो पो भैराखेको छ ।तिमीहरूसँग भैरहने कुराकानीले पनि राम्रै भुलाउँछ । तर, मोबाइल फोन र नेटवर्कमा तिमीहरूसँग दिनदिनै भेट भए पनि गाला छामेर कुरा नगरेको धेरै नै भयो । बात मार्दै हाँस्दै गरेका दिनहरू फेरि आउलान् र जस्तो लाग्न थालेको छ, आजकल त । बाबुनानी, तिमीहरू नेपालमा हुँदा एउटै कोठामा बसेर घण्टौं गफ गरेको, कुरा गर्दै हाँसेको, बाबालाई उल्याएको । उल्याएपछि बाबा मलिन अनुहार लगाउँदै उठेर हिंडेको । अनि हामीहरू मरीमरी हाँसेको सम्झना मात्रै आउँछ । सम्झनाले मनै कटक्क खान्छ । कता जाऊँ के गरुँ हुन्छ । थ्याच्च डाइनि ! टेबलमा सँगै बसेर भात खाएको सम्झना आउँछ । खाँदै गर्दा तिमीहरूले 'तरकारी मिठो मामु' भन्दै मलाई माया गरेको सम्झेर रुन मन लाग्छ । ती दिनहरू कल्पेर एक्लै बस्छु म त ।

कति गरेर पकाएको भात तिमीहरूले मिठो भएन भन्दा मलाई कम्ता त रिस उठ्दैनथ्यो । तर आजकल खै, मिठो भएन कसले भन्ने ? बाबाको बानी थाहा पाएकै छौ, खानेकुराको स्वादै नभए जस्तो, चुपचाप खायो, चुपचाप उठ्यो । नीरस । घर बाहिर हिंड्दा पनि तिमीहरूसँग बजार घुमेको, सामान किनेको, सिनेमा हलमा फिल्म हेरेको, सामान किनिसकेर आइसक्रिम खाँदा कस्तो मज्जा हुन्थ्यो । आजकल पनि हामी बुढाबुढी किनकानपछि खान्छौं । तर कहाँ त्यस्तो रमाइलो हुन्छ र ? मज्जा पनि तिमीहरूसँगै गएछ, दुलहीसँग लोकन्ती गए झैं ।

भनुँ भने नानीबाबु, आजकल काठमाडौंको बजार जान पनि मन लाग्दैन । एकातिर तिमीहरू छैनौं, अर्कोतिर बाटोको भीड, हिलो, धुवाँधुलो र महङ्गी सम्झेर निस्कनै मन लाग्दैन । चाहिएकै छ भने अनलाइनबाट मगायो, खायो, रमायो । रसिया र युक्रेनको युद्धले बजारमा अचाक्ली महङ्गी बढेको छ । आयल निगमले तेलको भाउ बढाएको बढायै गर्छ । तेलको भाउ बढेपछि सबै चिजको भाउ बढ्ने । निगम घाटामा छ, भारतबाट नै मूल्य बढेर आएको भन्छ अनि खुरुखुरु बढाउँछ । तर हेर न भारतबाट घटेर आए पनि स्वत: समायोजन गर्दैन- पहिलेको घाटा पूरा गर्नु छ भनेर । तेलको भाउ नघटेसम्म गाडी भाडा घट्दैन, गाडीभाडा नघटेसम्म सामानको भाडा घट्दैन ।

विद्यार्थीले विरोध त गर्छन् तर काम छैन, राजनीतिक दलमाथि विश्वास नभएको बेला विद्यार्थीको विरोधप्रति जनताको के विश्वास र ! यसो उसो गऱ्यो, मर्ने त्यै सार्वभौम सोझो जनता, अनि सोझो उपभोक्ता त रहेछ ! हाम्रो देश त धेरै रोगाउँदै गएको रहेछ । सबै आर्थिक सूचक नकारात्मक बने रे ! किन नबनून् र ? तिमीहरू विदेश गएपछि गाउँको खेतबारी बाँझै छ ।

छरछिमेकी, इष्टमित्रका जग्गाहरूमा पनि घाँसको राज छ । रासायनिक मल, बीउ र सिंचाइको अभावमा खेती गर्ने प्रेरणा पनि छैन । अलिअलि लगाएको बालीनाली पनि बेमौसमी वर्षाले राम्ररी फल्न सकेन । फलाउनभन्दा किन्न सजिलो हुँदा आयात बढेको छ । समाजमा आयात आधारित खाद्यान्न र लत्ता-कपडाको उपभोग गर्ने, महङ्गा गाडी चढ्ने बानी बढेकोले जसको घरमा हेरे पनि विदेशी सामान मात्रै छन् । हाम्रो देशबाट निर्यात हुने उत्पादन नै पो के छ र ? टिभीमा अर्थविज्ञहरू उपभोग र आयातमा आधारित अर्थतन्त्र भयो भन्छन् ।

सरकार भने आयात गरेर राजस्व बढेकोमा नै दङ्ग छ । देशको उत्पादन र उत्पादकत्व घटेको बुझ्ने भए पो ! आयात गरेर खाने बानी परेकाले व्यापार असन्तुलन भएको छ । वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्स घट्दा भुक्तानी सन्तुलन पनि नकारात्मक बन्न पुगेछ । विदेशबाट सामान ल्याउँदा ल्याउँदा देशको ढुकुटीमा त अब ६ महिनाको लागि मात्रै पुग्ने डलर छ रे ! हरे शिव ।

तिमीहरू भनौला मामु कसरी अर्थतन्त्रको बारेमा यति धेरै जान्ने हुनुभयो । सब, बाबाको संगतको फल हो । पर्यटन व्यवसायबाट धेरैले रोजगारी पाएका थिए । अहिले युवाहरू बेरोजगार भएका छन् । कोभिड मत्थर हुँदा पनि घटेको विदेशी पर्यटक आगमन बढ्न सकेको छैन । विश्वभर देखिएको आर्थिक बजारको उथलपुथलले नेपाली रुपैयाँको मूल्य पनि दिनदिनै अवमूल्यन भएर गएको छ ।

बाबाले भन्नुभएको १ अमेरिकी डलर बराबर १३०-१३१ रुपैयाँ पुगिसक्यो रे ! उफ्, हे राम ! तिमीहरूले यो वर्षको बजेट भाषण पढ्यौ होला । बजेटले वार्षिक आर्थिक विकास दर ८ प्रतिशतले गर्ने भनेको छ । विश्वव्यापी रूपमा कोभिडको महामारी र रसिया-युक्रेन युद्धको नकारात्मक असरले पेट्रोलियम पदार्थ र खाद्यान्नको मूल्यवृद्धि उकालो लागेको लाग्यै छ । आर्थिक विकास गर्न भनेर बजेट घाटा बढाइएको रहेछ ।

चुनावमा हुने खर्च पनि छ । अहिले नै ८ प्रतिशत पुगेको मुद्रास्फीतिलाई ७ प्रतिशतमा सीमित गर्ने रे ! अरू त को ? नेपालको सरकारले । पत्याइनँ मैले त । आर्थिक गतिविधिको गम्भीर रहस्य बुझ्ने मान्छे नै सम्बन्धित निकायको नेतृत्वमा छैन । के गरेर सम्हाल्ने हो, कुन्नि ? सरकारलाई देशमा उत्पादन बढाउने र देशलाई आत्मनिर्भर बनाउने चेत कहिल्यै आएन । लगानी गर्ने वातावरण बनाउन नसक्दा देशभित्र उद्यम व्यवसायमा लगानी हुनसकेको छैन । प्रशासनिक झन्झटले अत्तालिएर विदेशी लगानीकर्ताले पूर्वाधार छ कि छैन भनेर सोध्नै छोडिसके रे ! पूर्वाधारको नाममा विद्युत् आपूर्ति अलिकति भरपर्दो बनेको छ । सडक खत्तमै हो । पूर्वाधार नीति पनि छैन, लगानी पनि छैन । उद्योग खोलिहाले काम गर्ने मान्छे पनि छैनन् देशमा । विगतमा मानव संसाधनमा लगानी गर्न हिचकिचाउनाले अहिले दक्ष श्रमिकको अभाव खेप्नु परिरहेको छ । विदेश गएर जे काम पनि गर्ने तम्सने नेपाली युवा देशमा सिन्को भाँच्दैनन् ।

रोजगारी छैन भनुँ भने शहर बजारका चोक-चोकमा भारतीय कामदारहरूको चहलपहल देखिसाध्य छैन । कुरा गऱ्यो कुरैको दु:ख । के गर्ने ? आफ्नै देशको अनि आफ्नै सरकारको कुरा कति काट्नु । हेर, सरकारी अफिसहरूबाट काम फत्ते गर्नु भनेको फलामको च्यूरा चपाए जस्तो छ । कामले कुनै पनि सरकारी अफिस जानु नपेर हुन्थ्यो जस्तो लाग्छ । गाडीको कर तिर्ने, सवारी चालक प्रमाण पत्र लिने, राष्ट्रिय परिचय पत्र बनाउने, पासपोर्ट बनाउने अफिसमा सेवाग्राहीको भीड देखेर अत्यास लाग्छ । जात्रा भन्दा बढी । कहिले सुधार्छन् खोइ ?

आजकल बाबा भू-राजनीतिको अध्ययनमा डुब्नुभएको छ । हरेक राजकीय क्रियाकलापहरू भूराजनीतिसँग जोडिएको हुँदोरहेछ । बाबा पढिसकेर मलाई सुनाउनुहुन्छ । त्यै भएर मैले पनि अलि अलि बुझेकी छु । भौगोलिक अखण्डताको सुरक्षा र देशको विकास गर्न भूराजनीतिसँग मेल खाने विदेश नीति र विकास योजनाहरू निर्माण गर्नुपर्दोरहेछ । भारत, चीन हामीलाई आत्मनिर्भर हुन कहिल्यै दिंदैनन् । हाम्रो देश आत्मनिर्भर भयो भने उनीहरूको राजनीतिक प्रभाव कम हुन जान्छ भन्ने चासो हुँदोरहेछ । हाम्रो व्यापारको ठूलो हिस्सा भारतसँग हुन्छ । भारत यसो उसो गरेर हामीलाई आफ्नो जालमा बेरिराख्न खोज्छ । त्यै भएर भारत हाम्रो बिजुली किनेर रणनीतिक रूपमा हामीमाथि निर्भर हुन पनि चाहँदैन ।

चीन एकातिर आर्थिक सहयोग दिएर हामीलाई कसै गरे पनि भारतबाट अलग्याउन चाहन्छ अर्कोतर्फ दलाई लामा, तिब्बती शरणार्थी र एक चीन नीति तेर्स्याएर उत्तरी नाकाबाट सामान ल्याउन सीमामा बर्सेनि दु:ख पनि दिइरहन्छ । चीन पनि त तिब्बतको लागि हाम्रो बिजुली किन्दैन । दुष्ट छिमेकीहरू । मलाई त कम्ता रिस उठ्दैन । अमेरिका पनि चीनको शक्ति बढ्दै गएको देखेर हाम्रो देशको सामरिक महत्व हात पार्न चाहन्छ । युरोपियन युनियन समानता र पहिचानको सिद्धान्त लादेर देशमा जातीय द्वन्द्व बढाउने र आफ्ना नागरिकलाई जागिर खुवाउने धुनमा हुँदोरहेछ । शक्ति राष्ट्रहरूको स्वार्थको अगाडि हाम्रो देशको राजनीतिक, आर्थिक, प्रशासनिक, कूटनीतिक र सुरक्षा स्वतन्त्रता नै खुम्चिएको देखें मैले त ।

नानीबाबु, म त लेख्दा लेख्दै बहकिएछु । पैसा र पदमा भुलेको हाम्रो राजनीतिक वर्तमानमा देश बनाउने र जनतालाई सुख दिने विषयमा कसैको चासो-चिन्ता छैन । जनता त दु:ख पऱ्यो भन्दैमा देशलाई चटक्क छोडेर हिंड्न सक्दैनन् । तर नेताहरू त आपत् परे पैसा बोकेर भागिहाल्छन् । अफगानिस्तानका पूर्व राष्ट्रपति असरफ घानी र श्रीलंकाका पूर्व राष्ट्रपति गोटावाया राजापाक्षे हेरे पुगिहाल्छ । तिमीहरूलाई लागेको होला मामु अरू के लेखिरहनुभएको होला । मैले पहिले नै भनिसकेकी छु फोनमा निखिएर कुरा गर्न नै सकिंदैन । आज म खुलेर लेखिरहेकी छु, निखिने गरी । तिमीहरू हुर्काउँदाका दिनमा हामीसँग धेरै आम्दानी थिएन । म पढ्दै थिएँ । बाबाको एक्लो कमाइ । काठमाडौंको बसाइ । कोठा भाडा तिरेर बाँकी रहेको पैसाले महिनाभरि पुऱ्याउन हम्मे-हम्मे पर्दथ्यो ।

घरबाट हजुरबाआमाले चामलदाल पठाउनुहुन्थ्यो र थोरै राहत हुन्थ्यो । बाबा कम खर्च गर भन्ने मलाई धेरै खर्च गर्नुपर्ने । हामी बुढाबुढीबीच ठाकठुक नभएको दिन हुँदैनथ्यो । तिमीहरूलाई हुर्काउँदा पढाउँदा हामीले आफैंलाई बिर्सिएका थियौं । जति दु:ख भए पनि तिमीहरूको आवश्यकता पूरा गर्दै गयौं । तिमीहरूको सफलतामा हाम्रो खुसी नाच्दथ्यौं । तिमीहरूले दु:ख पायौ वा भने जस्तो गर्न सकेनौं भने हामी एकान्तमा पाकी-पाकी रुन्थ्यौं । अब तिमीहरू जन्मियौ, हुर्कियौ, पढ्यौ र उड्यौ पनि । हामी बुढाबुढी जहाँको त्यहीं छौं । बाबाको पनि अवकाश भयो । आम्दानी घट्यो । फेरि महिनाको आम्दानी र खर्चको सन्तुलन मिलाउन उही धौ-धौ । हाम्रो दु:ख तिमीहरूले बिर्सन्नौं होला भन्ने मैले आशा गरेकी छु । ढुकुटीमा पैसा नभएपछि देश त पनि टाट पल्टिंदो रहेछ । श्रीलंकाको दुर्दशा हाम्रो आँखा अगाडि नै छ । आर्थिक रूपले जर्जर भए पनि हाम्रा राजनीतिक नेताहरूलाई देशको चिन्ता छैन । राज्य राष्ट्र निर्माणमा एकछिन छलफल गर्दैनन् । राजनीतिक दाउपेचमा विदेशीले नचाएको पनि बुझ्दैनन् । हे भगवान ! देश उँभो कसरी लाग्ला खोइ ? सरकारको खर्च कसरी कम गर्न सकिएला भन्नेतिर कसैले सोचेको देखिंदैन । चुनावको मुखमा कार्यकर्तालाई जागिर खुवाउन नेता कुदेका छन् । अर्थतन्त्र घाटमा पुग्न लागेको बेला सरकारी पदाधिकारीहरू विदेश भ्रमणमा हिंडेका छन् । गाउँ-नगर, प्रदेश र संघ सबै सरकारले अनावश्यक कार्यालय खोल्दै खर्च बढाएका बढायै छन् । एउटै काम गर्न संघ र प्रदेशमा उही उही मन्त्रालय । उस्तै उस्तै काम गर्न उस्तै उस्तै मन्त्रालय । चाहिने नचाहिने मन्त्रालय बनाउँदै मन्त्री थप्दै ।

राष्ट्रिय योजना आयोग हुँदाहुँदै नीति आयोग रे ! प्रदेश प्रदेशमा नीति आयोग र ! प्रदेश प्रदेशमा अनुसन्धान ब्यूरो रे ! प्रदेश प्रदेशमा विषय विषयमा विश्वविद्यालय रे ! वर्षौं पुरानो त्रिभुवन विश्वविद्यालयमा विद्यार्थी छैनन् । अरू विश्वविद्यालय खोलेर के गर्ने ? देशमा संघीय शासन प्रणाली छ । प्रदेश चाहिंदो नचाहिंदो कार्यालय खोलेर इम्पायर खडा गर्न खोज्ने, संघ अधिकार छोड्न नचाहने कारण दुईबीच होड र द्वन्द्व चलेको छ । कृषि उत्पादन वृद्धि, व्यापार विस्तार, रोजगारी सिर्जना, बाटोघाटो निर्माण, गाउँ-शहरको सरसफाइ, सार्वजनिक सेवामा सरलीकरण, वन जंगलको संरक्षणमा कुनै सरकार, राजनीतिक दल र नेताको चासो छैन । हे राम ! दिक्कै लाग्छ, मलाई त ।

हेर न, स्थानीय निकाय सकिंदा नसकिंदै प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन हुने भएको छ । सबैलाई राष्ट्रपति र प्रधानमन्त्री हुने रहर । प्रधानमन्त्री किन बन्ने भन्दा स्कोर बढाउन, दुई पटक, तीन पटक चारपटक, पाँच-छ पटक । गिनिज बुकमा नाम लेखाउन । कमिसन, सम्पत्ति बटुल्न । आफ्ना नातेदारलाई कताकता घुसाउन र पैसा कमाउने अवसर दिन । देश बनाउन चाहिं होइन । कर्मचारी त अवकाश हुँदोरहेछ । नेता पो रहेछन् कहिल्यै रिटायर्ड नहुने । नेपाली जनता पनि सोझा क्या, घोचोभन्दा पनि । परिवर्तन गर्न नचाहने ।

सत्ता प्राप्तिको लागि राजनीतिक दलले गठबन्धन गर्दा निर्वाचनको प्रतिस्पर्धा नै खुम्चिएको छ । गठबन्धन राजनीतिमा सत्ता वा नेतृत्व परिवर्तन हुने पनि होइन । देशले जिम्मेवार राजनीतिक नेतृत्व पाउने पनि होइन । सार्वजनिक ढुकुटी रित्याउने काम मात्रै । सत्य धरोधर्म, म त भोट हाल्न जान्नँ, यसपटक । कति भोट हाल्ने उनै थोत्रा नेताहरूलाई ! तिमीहरू पनि आजकल कमाएको पैसा बिटक्वाइन र क्रिप्टोकरेन्सी के केमा लगानी गर्दैछौ रे ! बिटक्वाइन र क्रिप्टोकरेन्सी दुवै अधिकांश देशमा गैरकानुनी धन्दा हुन् । लगानी गर्दै गयो पछि प्रशासनिक वा कानुनी झन्झट आयो भने कोही बोल्न सक्दैन । भुक्तानी पाइँदैन । पैसा डुब्छ ।

दु:ख गरेर कमाएको पैसा बाबुनानी हो, भड्खालोमा पर्ला है । खर्च गर्दा होश गर । आजभोलि नेपालको महँगाइको के कुरा गर्नु ? दिनदिनै खानेकुराको मूल्य बढेर एक डालो रुपैयाँले एक ढकी खानेकुरा आउँदैन । कमाएको जति खानेकुरामा मात्रै खर्च हुन्छ । हामी जस्ता निश्चित तलबधारीहरूका लागि मर्नु बनाएको छ । बैंक खातामा एक रुपैयाँ छैन । घर खर्च चलाउन धौ-धौ भएको छ । हाम्रो त यो चाल विचरा मजदुरहरूको के हाल ? पैसा नभएपछि कचकच सुरु हुँदोरहेछ, श्रीमान श्रीमतीबीच पनि । तिमीहरूले धेरथोर बाबा-मामुको बानी व्यहोरा बुझेका छौ । बाबा पनि म पनि, आ-आफ्नो ठाउँमा ठिक छौं । ठिक नभएको त महङ्गी मात्रै हो । राजनीतिक अव्यवस्था मात्रै हो ।

कर्मचारीलाई तलब दिने पैसा छैन भन्दै प्रधानमन्त्री पनि रुन थालेका छन्, आजकल । नेपालको अर्थतन्त्र टाट पल्टेपछि बाबा-मामुलाई दु:ख हो । बाबा-मामुबीचको कचकच बढ्दै गएपछि तिमीहरूलाई नै पीर हो । डाक्टर भोला चालिसे पनि 'मेरो देश डुब्न लाग्यो, किनार लगाइदेऊ, सपुत छौ कि कोही' भन्दै गीतमा अत्तालिइरहेका छन् । बाबा-मामुबीचको नोकझोक मिलाउन र देशको ढुकुटीमा अलिकति भने पनि विदेशी मुद्रा थप्न, डलर पठाइदेऊ ! बाबुनानी हो, देश टाटपल्टन लाग्यो, डलर पठाइदेऊ ! आफ्नो मात्रै कुरा लेख्छु, देशको कुरा लेख्दिनँ भन्दाभन्दै पनि यत्रो लेखिसकेछु । देश बिग्रिए आफैंले दु:ख पाउने भएपछि नलेखेर पनि के गर्ने ? लेख्नेले लेख्न छोड्यो, बोल्नेले बोल्न छोड्यो भने राजनीतिक दल, नेता, सरकार, प्रशासन झन्झन् उद्दण्ड र गैरजिम्मेवार हुन्छन् कि जस्तो लाग्छ । अनि केही न केही लेख्न मन लाग्छ, हुट्टिट्याउँले सगर थामे जस्तो क्या !

चिठ्ठी लेखिसक्दा आनन्दले आज हर्षविभोर भएकी छु । छोराछोरीलाई भगवानले सधैं कल्याण गरून् । फेरि फेरि पनि म लेख्ने नै छु । बाबुनानी, तिमीहरू पनि चिठ्ठी पढ्ने बानी बसाल । तिमीहरू पनि कहिलेकाहीं चिठ्ठी लेख र पठाऊ । हामीलाई पढ्न रमाइलो हुन्छ । आजलाई बिदा, कलम बन्द गरें, ल !

तिमीहरूको सदा भलो चाहने, माया गर्ने,
तिमीहरूको प्यारो मामु !

# महिला क्रिकेट: एपीएफ विजयी



पोखरा/ राष्ट्रिय खेलाडीले भरिएको विभागीय टोली एपिएफले बिहीवार आयोजक गण्डकी प्रदेशमाथि ९ विकेटको फराकिलो जित निकाल्दै सेमिफाइनल सम्भावना बलियो बनाएको छ ।

पोखरा रंगशालामा भएको खेलमा गण्डकीले प्रस्तुत गरेको २७ रनको सामान्य लक्ष्य एपीएफले १ सय ६ बल बाँकी रहँदै भेटाउन सफल भएको हो ।

अघिल्लो खेलमा संघर्षपूर्ण जित निकालेको एपिएफले यससँगै जारी प्रतियोगितामा लगातार दोस्रो जित पनि निकालेको छ । जवाफी ब्याटिङ गरेको एपीएफको तर्फबाट सीता राना मगरले ५ बलमा २ चौका प्रहार गर्दै १२ रनको पारी खेल्दा इन्दु बर्माले ३ बलमा २ चौकासहित ९ रन योगदान गर्दै जित दिलाइन् । खराब लयबाट गुज्रिरहेको गण्डकीले पहिला ब्याटिङ गर्दै १८.२ ओभरमा सम्पूर्ण विकेट गुमाएर २६ रन बनाएको थियो ।

गण्डकीका कुनैपनि खेलाडीले दोहोरो आँकडाको योगफल तयार पार्न सकेनन् । श्रृष्टी जैसीले बनाएको ५ रन नै गण्डकीको सर्वाधिक बन्न पुग्यो । एपीएफको बलिङमा प्लेयर अफ द म्याच इन्दु बर्माले ३ ओभरमा ४ रन खर्चिएर २ विकेट लिइन् ।

त्यस्तै, सुमन विष्ट, नेरी थापा, निशा भट्ट र सीता रानामगरले १-१ विकेट लिए । गण्डकीका श्रृष्टी जैसीले १ विकेट लिइन् । जितसँगै एपीएफ ग्रुप ए को शीर्ष स्थानमा पुगेको छ । एपीएफले दुई खेलमा दुई जित हाँसिल गर्दै ४ अंक जोडेको छ । *-न्युज एजेन्सी नेपाल*

# निक्षेपको ब्याजदर नबढ्ने, कर्जाको बढ्दै



काठमाडौं/ कात्तिकमा निक्षेपको ब्याजदर नबढाउने बैंकरहरूबीच सहमति भएको छ ।

अहिले निक्षेपको ब्याज बढ्दा बढ्ने लागत माघमा मात्रै समायोजन गर्न पाइने भन्दै बैंकहरुले निक्षेपको ब्याजदर नबढाउने मौखिक सहमति गरेका छन् । तरपनि, शुक्रबार मात्रै बैंकरहरुले ब्याजदरको विषयमा टुंगो लगाउने भएका छन् ।

गत असोजमा बैंकहरुले ६ महिनापछि निक्षेपको ब्याजदर बढाएका थिए । हाल निक्षेपको अधिकतम ब्याजदर १२.१३३ प्रतिशत र बचतमा ७.१३३ प्रतिशतसम्म कायम गरेका छन् । रेमिटेन्स खाता जस्ता केही विशेष निक्षेपमा भने बैंकहरूले १५ प्रतिशतसम्म ब्याजदर दिएका छन् ।

राष्ट्र बैंकको निर्देशनअनुसार बैंकहरूले मासिक रूपमा निक्षेपको ब्याजदर बढाउदा अघिल्लो महिनाको लागि दिइएको औसत ब्याजदरमा १० प्रतिशत विन्दुले मात्रै बढाउन पाउने व्यवस्था छ ।

कात्तिकपछि भने नयाँ र पुराना दुवै खाले कर्जाको ब्याजदर बढ्ने भएको छ। एक त्रैमास (तीन/तीन महिना) को औसत आधार दर गणानापछि मात्रै पुराना कर्जामा ब्याजदर बढाउन पाउने व्यवस्था छ ।

नयाँ कर्जामा भने यो व्यवस्था लागू हुँदैन । बैंकहरूको असोजको आधार दर प्रकाशित हुन बाँकी छ । बैंकहरूको भदौमै आधार दर १० प्रतिशत माथि पुगिसकेको छ । नेपाल बैंकर्स एसोसिएसनले सार्वजनिक गरेको तथ्यांकअनुसार असोज १४ देखि २१ गतेबीच आठ अर्बले निक्षेप घटेको छ । असोज २१ सम्ममा वाणिज्य बैंकमा ४५ खर्ब ११ अर्ब निक्षेप छ ।

यो बीचमा कर्जा लगानी भने पाँच अर्बले घटेर ४१ खर्ब ९३ अर्बमा सीमित भएको छ । बैंकहरूको कर्जा निक्षेप अनुपात ८७.२५ प्रतिशत छ ।

# मत सर्वेक्षण गर्न नपाइने

काठमाडौं/ मंसिर ४ गते हुने निर्वाचनका लागि व्यक्ति तथा संघ-संस्थाले राजनीतिक दल तथा उम्मेदवारको मत सर्वेक्षण गर्न नपाउने भएका छन् ।

निर्वाचन आचारसंहिता, २०७९ लागू भइसकेकाले आचारसंहिता विपरीत व्यक्तिहरूले सामाजिक सञ्जालको प्रयोग गरेर राजनीतिक दल र उम्मेदवारका सम्बन्धमा मत सर्वेक्षण गरेको तथा त्यसको नतिजा सार्वजनिक गरेको निर्वाचन आयोगले पाएकाले मत सर्वेक्षण नगर्न निर्देशन दिएको छ ।

निर्वाचन आचारसंहिता, २०७९ कोदफा ४ (त) मा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मत परिणामका सम्बन्धमा कुनै मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नपाइने स्पष्ट उल्लेख छ ।

आचारसंहिताको दफा ४ को (थ) मा निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्नसमेत नहुने व्यवस्था रहेको छ ।

यसअघिको स्थानीय तहको निर्वाचनमा विभिन्न संघ संस्थाले राजनीतिक दल तथा उम्मेदवारको मत सर्वेक्षण गरेका थिए । -इकागज

# क्रिकेटर शुभम गिलसँगको प्रेममा सारा अलि खान



मुम्बई/ सुशान्त सिंह राजपुत र कार्तिक आर्यनसँग नाम जोडिएकी सारा अलि खानको नाम अहिले भने क्रिकेटरसँग जोडिएको छ । भारतीय टोलीका ओपनिङ ब्याटस्मेन शुभम गिल र सारालाई एउटै होटलबाट बाहिरिँदै गरेको देखेपछि अहिले दुवैबीच अफेयर रहेको खबर घनिभूत भएको छ । होटलबाहेक सारा र शभम् प्लेनमा पनि सँगै देखिएका क्लिप्स सार्वजनिक भएका छन् ।

दुवैबीच माया प्रेम रहेको खबर गत अगस्टमा सार्वजनिक भएको थियो । दुवैलाई फ्यानले एउटा रेष्टुरेन्टमा भेटेपछि दुवै अफेयरमा रहेको गाइँगुइँ चलेको थियो । तर सारालाई अहिलेसम्म शुभम् गिलको खेल हेर्न स्टेडियममा नदेखिएकाले खबरमा सत्यता नरहेको आशंका गरिएको थियो ।

तर दुवैलाई स्टेडियम बाहिर भेटिने क्रम नरोकिएकाले दुवै प्रेममा रहेको कुरा पक्का हुँदै गएको छ । शुभम् गिलको नाम यसअघि सचिन तेन्दुलकरकी छोरी सारा तेन्दुलकरसँग जोडिएको थियो । दुवैबीच भर्खरै ब्रेकअप भएको खबर छ ।

# कोरोना बीमा: अर्थको १ अर्बले थप तनावमा बीमा समिति

काठमाडौं/ कोरोना बीमा वापतको दाबी भुक्तानीको १० प्रतिशत मात्रै रकम पाएपछि बीमा समिति कसरी भुक्तानी गर्ने भन्ने तनावमा परेको छ । सरकारले दिनुपर्ने दाबी रकममध्ये १० प्रतिशत मात्रै रकम उपलब्ध गराएपछि कसकसलाई कति बाँड्ने भन्ने अन्योलमा समिति परेको हो ।

सरकारले कोरोना बीमा दाबी भुक्तानीको लागि हालैमात्र बीमा समितिलाई एक अर्ब रुपैयाँ उपलब्ध गराएको छ । झण्डौ साढे ११ अर्ब रुपैयाँ बराबरको दाबी भुक्तानी बक्यौता रहेपनि सरकारले १ अर्ब रुपैयाँ मात्र निकाशा गरेको हो । सरकारले उपलब्ध गराएको रकमबाट भुक्तानी दिन समस्या भएको समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले जानकारी दिए ।

'भुक्तानी दिनु साढे ११ अर्ब रुपैयाँ छ तर, अर्थले जम्मा एक अर्ब रुपैयाँ मात्र निकाशा गरिदिएको छ, कतिलाई भुक्तानी दिने ? कम्तिमा एक दुई अर्ब रुपैयाँ थपेर भुक्तानी दिने योजनामा छौं,' अध्यक्ष सिलवालले भने ।

अध्यक्ष सिलवालका अनुसार सरकारबाट प्राप्त १ अर्ब रुपैयाँमा केही रकम बीमा समितिले हाल्ने, केही रकम पुनर्बीमा कम्पनीले हाल्ने र बाँकी रकम बीमा कम्पनीहरुबाट उठाएर अलि धेरै रकम बनाएर भुक्तानी दिने तयारी छ ।

'सरकारको मात्रै मुख ताकेर भएन, भुक्तानी त दिनु पर्छ नै, बरु के कसरी रकम जुटाउन सकिन्छ अहिले हामी यतातर्फ केन्द्रित छौं,' अध्यक्ष सिलवालले भने ।

बाँकी भुक्तानीको दायित्व सरकारको भएपनि सबै मिलेर समस्या सल्टाउने प्रयत्न गरिएको उनको भनाई छ । बीमा समिति, पुनर्बीमा कम्पनी वा बीमा कम्पनीहरुमध्ये कोबाट कति रकम उठाएर कति रकम बनाएर दिने भन्ने विषयमा अहिले छलफल चलिरहेको अध्यक्ष सिलवालले जानकारी दिए ।

तर, हाल प्राप्त रकम भने प्राथमिकताका आधारमा जसको पहिला माग दाबी परेको छ उसैगरी क्रमश: भुक्तानी गर्दै जाने उनले बताए ।

बीमा समितिका अनुसार हाल कोरोना बीमामा बापत कुल १४ अर्ब ९३ करोड ९६ लाख ६६ हजार रुपैयाँको माग दाबी परेको छ । तर, हालसम्म महाविपत्ति पुलमार्फत ३ अर्ब ५० करोड रुपैयाँ र बीमा कम्पनीहरूबाट १ अर्ब ३१ करोड १२ लाख रुपैयाँ गरी कुल ४ अर्ब ८१ करोड १२ हजार रुपैयाँमा दाबी भुक्तानी भएको छ ।

बाँकी ११ अर्ब ४३ करोड रुपैयाँ बराबरको दाबी भुक्तानीको दायित्व सरकारको हो । तर, समयमै रकम नदिएको सरकारले ढिला दिँदा पनि कुल दाबी रकमको १० प्रतिशत मात्रै रकम उपलब्ध गराउँदा बीमा समिति थप अन्योलमा परेको हो ।

**थप दायित्वको दबाबले बीमकहरु सशंकित**

बीमा कम्पनीहरु भने नियामक निकाय बीमा समितिको प्रस्ताव सुनेर सशंकित हुन पुगेका छन् । सरकारले दिनुपर्ने दायित्व अन्तत: बीमक र पुलतर्फ नै फर्किने भएपछि बीमा कम्पनीहरु झस्किन पुगेका हुन् । तथापि, समितिले बोलाएको बैठकमा बीमक तथा महाविपत्ति हेर्ने पुलका तर्फबाट सरोकारवाला व्यक्तित्वहरु उपस्थित छन् ।

'नियामक निकाय बीमा समितिले बोलाएको बैठकमा नआउने, नजाने भन्ने त भएन तर, थप दायित्व थप्ने कुरामा भने हामी तयार छैनौं' नेपाल बीमक संघका अध्यक्ष चंकी क्षेत्रीले भने । साढे ३ अर्ब रुपैयाँमाथिको दाबी भुक्तानीको दायित्व स्वयम सरकारको भएकाले सो सरकारले नै भुक्तानी दिनुपर्ने उनको भनाइ छ ।

***दायित्वबाट भाग्दै सरकार***

कोरोना बीमा मापदण्ड, २०७७ अनुसार साढे ३ अर्ब माथिको दाबी भुक्तानीको दायित्व सकारको रहने स्पष्ट उल्लेख गरिएको छ । बीमा समिति, सरकार र बीमकको महाविपत्ति पुलको रकम समेत प्रयोग गर्ने गरी भुक्तानीको साझा मापदण्ड बनाइएको थियो । सो मापदण्ड अनुसार १ अर्ब रुपैयाँ बीमक अर्थात् बीमा कम्पनीहरुले दिने, अर्को एक अर्ब रुपैयाँ नेपाल पुनर्बीमा कम्पनीले दिने, ५० करोड रुपैयाँ महाविपत्ती पुलको रकम प्रयोग गर्ने र १ अर्ब रुपैयाँ बीमा समितिले हाल्ने गरी साढे ३ अर्ब रुपैयाँ दाबी भुक्तानीको लागि व्यवस्था गरिएको थियो । सोभन्दा बढीको दाबी परे सरकारले दिने मापदण्डमा उल्लेख छ ।

तर, हालसम्म बीमक, महाविपत्ति पुल र बीमा समिति मार्फतले गरी ३ अर्ब ५० करोड रुपैयाँ भुक्तानी गरिसकेका छन् । यस्तै, बीमा कम्पनीहरुले थप १ अर्ब ३१ करोड १२ लाख रुपैयाँ भुक्तानी गरेका छन् ।

विश्व महामारीको रुपमा संसारभर फैलिएको कोरोना संक्रमणकाबीच बीमा समितिको तत्कालिन नेतृत्वले पहिलो पटक २०७७ साउनदेखि कोरोना बीमाको नयाँ कार्यक्रम ल्याएको थियो । एक वर्षपनि टिक्न नसकेको फ्लप बीमा कार्यक्रमलाई सरकारले बजेटमार्फत रकमको व्यवस्था गर्ने भन्दै मापदण्ड नै बनाएर दायित्व बोकेको थियो । तर सरकारले आफ्नै प्रतिवद्धता अनुसार दायित्व पुरा गरेको छैन । -रातोपाटी

# बैंकिङ प्रणालीमा ३० अर्ब पठाउँदै राष्ट्र बैंक




काठमाडौं/ नेपाल राष्ट्र बैंकले रिपोमार्फत ३० अर्ब रुपैयाँ बैंकिङ प्रणालीमा पठाउने भएको छ । आउँदो कात्तिक ३ गते परि पक्व हुने गरी सात दिनका लागि उक्त रकम बैंकिङ प्रणालीमा पठाउन लागिएको हो ।

राष्ट्र बैंकले उक्त तरलता सुविधा प्रयोग गर्न चाहने बैंक तथा वित्तीय संस्थालाई आज बिहीबार दिउँसो ३ बजेसम्म 'अक्सन'का लागि आवेदन पेस गर्न भनेको छ ।

न्यूनतम १० करोड र त्योभन्दा माथि राष्ट्र बैंकले तरलता प्रवाह गर्न लागेको सीमासम्म पाँच करोड रुपैयाँले भाग जाने रकमको आवेदन पेस गर्न सक्ने राष्ट्र बैंकले जनाएको छ । बैंक तथा वित्तीय संस्थामा तरलता अभाव भएसँगै राष्ट्र बैंकले चालु आर्थिक वर्षको असोज २६ गतेसम्म २० खर्ब ५० अर्ब रुपैयाँ स्थायी तरलता सुविधा (एसएलएफ) दिएको छ । असोज २६ गते मात्र बैंक तथा वित्तीय संस्थाले यस्तो तरलता सुविधा १४ अर्ब १० करोड रुपैयाँ लिएका छन् । बैंकिङ प्रणालीमा तरलता अभाव हुँदै गएपछि राष्ट्र बैंकले वित्तीय उपकरण प्रयोग गरी यस्ता तरलता सुविधा दिने गर्छ । -इकागज

# सेयर कारोबार रोक्का र फुकुवाको जिम्मा धितोपत्र बोर्डलाई




काठमाडौं/ नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) हुँदा सेयर कारोबार रोक्काको जिम्मा नेपाल धितोपत्र बोर्डलाई दिएको छ ।

राष्ट्र बैंकले यससम्बन्धी विनियमावली २०७३ लाई पाँचौ संशोधन गर्दै सेयर कारोबार रोक्का गर्नेसम्बन्धी सम्पूर्ण जिम्मेवारी बोर्डलाई सुम्पिएको हो ।

अब बोर्डले बैंक तथा वित्तीय संस्थाको सेयर कारोबार रोक्कासम्बन्धी निर्देशिका लागु गर्नेछ । धितोपत्र बोर्डले यसअघि नै मर्जरमा जाने तथा एक्विजिसन हुने कम्पनीको सेयर कारोबार बढीमा १५ दिनमात्र रोक्का हुने व्यवस्थाको मस्यौदा तयार पारेको छ ।

राष्ट्र बैंकले बोर्डलाई यससम्बन्धी सम्पूर्ण जिम्मेवारी दिएसँगै उक्त निर्देशिका लागु हुनेछ । तर, निर्देशिका पूर्ण रूपमा भने तयार भइसकेको छैन ।

धितोपत्र बोर्डका प्रवक्ता रूपेश केसीका अनुसार बोर्डले उक्त निर्देशिका छिटै नै लागु गर्नेछ । निर्देशिकाको मस्यौदा भने तयार भएको छ ।

राष्ट्र बैंकले सेयर कारोबार रोक्कासम्बन्धी सम्पूर्ण अधिकार बोर्डलाई दिएसँगै अब बन्ने निर्देशिकाअनुसार कम्पनीहरूले सेयर कारोबार रोक्का र फुकुवा गर्नुपर्ने केसीले बताए । यसअघि बैंक तथा वित्तीय संस्थाहरूले लामो समयसम्म सेयर कारोबार रोक्का गर्दा लगानीकर्ता मर्कामा परेका थिए ।

राष्ट्र बैंकले बोर्डलाई यो जिम्मा दिएसँगै बोर्डले धितोपत्र कारोबार रोक्का गर्ने समयावधि नै तोकिदिने छ । यसले गर्दा लगानीकर्ताको सम्पत्ति धेरै सयम रोक्कामा पर्नेछैन ।

यो निर्देशिका तिहारपछि मात्र लागु हुने केसीले बताए । लामो समयदेखि बिमा कम्पनी र बैंकहरूको सेयर कारबारोबार रोक्कमा रहेको छ । तर, यो निर्देशिका लागु भएसँगै निर्देशिकामा भएको व्यवस्था अनुसार कम्पनीहरूको सेयर कारोबार रोक्का हुने बताइएको छ । -साभार: बाह्रखरी

# प्रधानमन्त्री देउवाले हटाए जसपाका मन्त्री



काठमाडौं/ जनता समाजवादी पार्टी (जसपा)बाट मन्त्री बनेकाहरू पदमुक्त भएका छन् । बिहीबार प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले उनीहरूलाई पदमुक्त गरेकी हुन् ।

प्रधानमन्त्रीको सिफारिसमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्रप्रसाद श्रेष्ठ, कृषि तथा पशुपंक्षी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादव, भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राई र वन तथा वातावरण मन्त्री प्रदीप यादवलाई पदमुक्त गरिएको हो ।

ती मन्त्रालयहरूको कार्यभार प्रधानमन्त्री देउवाले आफैं सम्हाल्ने भएका छन् । सत्ता गठबन्धनलाई छाडेर जसपाले विपक्षी नेकपा (एमाले)सँग चुनावी तालमेल गरेपछि प्रधानमन्त्री देउवाले उसका मन्त्रीहरूलाई बर्खास्त गरेका हुन् ।

# नेपाली र इटालियन उत्पादन प्रवर्द्धनबारे छलफल



काठमाडौं/ नेपालमा व्यापार विकास र लगानीबारेमा छलफल भएको छ । नेपाल-इटाली उद्योग वाणिज्य संघ (एनआईसीसीआई)ले आयोजना गरेको द्विपक्षीय बैठकमा यस्तो छलफल भएको हो ।

बैठकमा इटालियन दूतावासले इटालियन उत्पादन र नेपालमा उपलब्ध सबै उत्पादनहरूको व्यापार मेला आयोजना गर्ने योजना बनाएको इटालियन राजदूत भिन्सेन्जो डे लुकाले बताएका छन् । इटालियन उत्पादनलाई नेपालमा प्रचार प्रवर्द्धन गर्न विभिन्न परियोजनाहरू आयोजना गर्ने र नेपाली उत्पादनलाई पनि इटालीमा प्रचार प्रवर्द्धन गर्ने योजना बनाएकासमेत लुकाले बताए । एनआईसीसीआईले २०३० मा रोममा हुन गईरहेको 'ग्रान्ड इन्टरनेसनल एक्स्पो' मा नेपाललाई हिस्सा बनाउने लक्ष्य राखेको एनआईसीसीआईका उपाध्यक्ष सञ्जय अग्रवालले बताए ।

# बेवारिसे बन्यो रानीपोखरी



काठमाडौं/ 'हामीले महानगरको नासो महानगरलाई नै फर्काएका छौं, यसको सुव्यवस्थित सञ्चालन, सदुपयोग, संरक्षण र प्रवर्द्धन होस् भन्ने हामी चाहन्छौं । यो सम्पदाको महत्व अझ बढ्ने गरी महानगरले काम गरोस् ।'

८ पुस २०७८ मा तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले पुनर्निर्माणपछिको रानीपोखरी तत्कालीन मेयर विद्यासुन्दर शाक्यलाई हस्तान्तरण गर्दै भनेका थिए ।

तर, अवस्था त्यस्तो छैन । चिटिक्क बनिसकेको रानीपोखरी फेरि कुरुप बन्न थालेको छ । १० महिनायता संरक्षकविहीन बनेको रानीपोखरीको चारैतिरका भित्तामा घाँस उम्रिएको छ । पोखरी किनारमा निर्माण भएको पार्क पनि झाडी बनेको छ ।

९ पुसमा पुनर्निर्माण प्राधिकरण खारेज भएपछि रानीपोखरीको बाहिरी भागमा निर्माण भइरहेको बगैंचालगायतका पूर्वाधार निर्माणको अनुगमन तथा निरीक्षण गर्ने जिम्मा शहरी विकास तथा भवन निर्माण विभागले पाएको थियो । त्यसपछि विभागले महानगरलाई हस्तान्तरण गर्न चाहेपनि महानगरपालिकाले नलिएको दावी गर्छ । महानगरपालिकाले भने विभागले हस्तान्तरण नगर्दा समस्या भइरहेको तर्क गरेको छ ।

विभागका पुनर्निर्माण इकाइका प्रमुख प्रभाकरलाल कर्ण रानीपोखरी पुनर्निर्माणको सबै काम सके पनि महानगरपालिकाले आफ्नो जिम्मामा लिन नमानेको बताउँछन् । 'हामीले हस्तान्तरण गर्न बुझिलिने अधिकारी नाम मागेका छौं, तर महानगरले दिएको छैन', उनले भने, 'महानगरले चासो नदिंदा हामीले गरेको काम पनि छोपिने गरी रुख बिरुवा उम्रिसक्यो ।' कुनै काम बाँकी रहे वा मर्मत गर्नुपर्ने देखिए ठेकेदार मार्फत गराउन सकिने भन्दै विभागले महानगरलाई रानीपोखरीको बाहिरी भाग हस्तान्तरण गर्न खोजेको थियो । त्यसका लागि महानगरको सम्पदा विभागमा पटक-पटक लिखित र मौखिक रुपमा जानकारी गराउँदा पनि चासो नदिएको विभागको आरोप छ ।

'झाडीले पोखरीको रुप नै बिग्रिने बेला भइसक्यो, पटक-पटक समन्वय र अनुरोध गर्दा पनि महानगरले रानीपोखरी बुझ्न नै आएन', कर्णले भने ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# दूध बेचेर एक वर्षमा मकवानपुरमा ८४ करोड भित्रियो

साझाकुरा संवाददाता



हेटौंडा, २७ असोज/ दूध विक्री गरी एक वर्षमा मकवानपुरमा ८४ करोड रुपैयाँ मकवानपुर भित्रिएको छ ।

मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको अनुसार गत आर्थिक वर्षमा दूध विक्री गरी मकवानपुरमा ८४ करोड ९७ लाख १८ हजार ९० रुपैयाँ भित्रिएको हो । संघको चिस्यान केन्द्र चौकीटोलमा ९ लाख ७१ हजार लिटर र संस्थाबाट सिधै उद्योग गएको १ करोड २८ लाख ७३ हजार लिटर दूध खरिद भएको छ ।

आर्थिक वर्ष २०७७/७८ को तुलनामा गत आर्थिक वर्षमा १७ लाख ४२ हजार ९४७ लिटर दूध खरिद भएको संघको प्रतिवेदनमा उल्लेख छ । संघबाट प्राप्त विभिन्न उद्योगलाई ५ लाख ८३ हजार ८१६ लिटर दूध विक्री गरी ३ करोड ७६ लाख ५७ हजार रुपैयाँ आर्जन गरेको छ । यसैगरी संस्थाबाट सिधै उद्योगमा १ करोड २८ लाख ७३ हजार ३२५ लिटर दूध विक्रीबाट ७८ करोड ८२ लाख ७९ हजार रुपैयाँ, स्थानीयलाई दूध ३ लाख ८८ हजार २ सय ३७ लिटर विक्रीबाट २ करोड ८३ लाख ८ हजार ८७८ रुपैयाँ आर्जन गरेको छ । ५३ वटा प्रारम्भिक दुग्ध संस्था आवद्ध रहेको संघको खुद नाफा बचत १७ लाख ७ हजार रुपैयाँ रहेको छ । मकवानपुरमा दुग्ध चिस्यान केन्द्र ४० वटा, मिल्क एनालाइजर सञ्चालित संस्थाहरु ४३ वटा रहेको छ भने दुग्ध भण्डारण क्षमता ७० हजार लिटर रहेको छ ।

# मकवानपुरगढीमा जोडी दौड हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ प्रतियोगितामाहरुमा रोमाञ्चक मानिएको जोडी दौड प्रतियोगिता मकवानपुगढीमा हुने भएको छ ।

दिपावली, छठ र नेपाल सम्वतलगायतका चाडपर्वको अबसरमा जोडी प्रतियोगिता गर्न लागिएको आयोवजक नव जागृत युवा क्लबले जानकारी दिएको छ ।

मकवानपुरगढी-५, स्थित धादिङमा पहिलो पटक जोडी दौड (श्रीमान-श्रीमती) प्रतियोगिता हुने भएको छ । स्थानीय नव जागृत क्लवले ५ कार्तिकमा प्रतियोगिता गर्न लागेको जानकारी दिएको छ । प्रतियोगितामा मकवानपुरगढी गाउँपालिकाभित्रका ईच्छुक जोडीहरुले भाग लिन सक्ने क्लवका सचिव रामराजा महर्जनले बताए ।

प्रतियोगितामा प्रथम हुने जोडीले नगद १० हजार पाउने महर्जनले जानकारी दिए । द्वितीय हुने जोडीले नगद ५ हजार र तृतीय हुने जोडीले नगद ३ हजार र सान्त्वना हुने जोडीले नगद २ हजार रुपैयाँ पाउने जनाइएको छ । प्रतियोगिता शारदा माविको खेल मैदानमा हुनेछ ।

# ६६ जना पत्रकारको आँखा जाँच




साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडामा निरन्तर सञ्चारकर्ममा क्रियाशील पत्रकारहरुको आँखा जाँच गरिएको छ । पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ मकवानपुरको आयोजनामा बिहीवार आँखा शिविर गरिएको हो ।

हेटौंडा सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा नेपाल पत्रकार महासंघ मकवानपुरले नि:शुल्क आँखा परीक्षण शिविर कार्यक्रम सम्पन्न गरेको महासंघका उपाध्यक्ष ध्रुव अधिकारीले जानकारी दिए । आँखा शिविरमा ६६ जना पत्रकारहरुको नि:शुल्क आँखा परीक्षण गरिएको थियो ।

# अञ्जन र सुनिलको गोलमा बागमतीको जीत

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडाका फुटबल स्टारद्वय अञ्जन विष्ट र सुनिल बलको गोलले पोखरामा भइरहेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत् बागमतीले जित हात पारेको छ ।

नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत बिहीवार भएको पुरुष फुटबलको दोस्रो खेलमा बागमतीले मधेस प्रदेशलाई २-० गोल अन्तरले हराएको हो । पहिलो हाफ गोलरहित बराबरी खेलेको बागमतीले दोस्रो हाफमा २ गोल गर्न सफल भयो । खेलको ३९ औं मिनेटमा सुनिल बलले गोल गर्दै बागमतीलाई अग्रता दिलाए । बागमतीले ४५ औं मिनेटमा अञ्जन विष्टको गोलबाट अग्रता दोब्बर बनायो । अञ्जनले पेनाल्टीमार्फत गोल गरेका थिए । बिहीवार भएको पहिलो खेलमा एनआरएनएले प्रदेश नम्बर १ लाई २-० गोलअन्तरले पराजित गरेको थियो ।

# हेटौंडा सिमेन्ट संचालनमा ल्याउन मजदुरको माग

साझाकुरा संवाददाता




हेटौंडा, २७ असोज/ कच्चा पदार्थको अभावदेखि जीर्ण प्रविधिका कारण विगत तीन महिनादेखि बन्द हेटौंडा सिमेन्टलाई सञ्चालनमा ल्याउन मजदुरहरुले माग गरेका छन् ।

मओवादी निकट अखिल नेपाल औद्योगिक मजदुर संघ र नेकपा एमाले निकट समग्र उद्योग ट्रेड युनियन हेसिउलिले उद्योग तत्काल संचालन गर्न माग गरेको हो । उद्योगको उत्पादन नियमित गर्न मजदुरहरुले ध्यानाकर्षण गराएका छन् । उद्योग प्रशासनले उद्योगलाई आवश्यक कोइला आपूर्तिमा आलटाल गरेको आरोप मजदुर संगठनले लगाएका छन् । उद्योग प्रशासनले कोइला अभावमा उत्पादन बन्द गर्नुपरेको बताउँदै आएको छ ।

संगठनहरुले मजदुरसँग गरिएको पूर्ववत सहमति कार्यान्वयन गर्न र उत्पादन नियमित बनाउन माग राखेका हुन् । उद्योग सञ्चालनका विषयहरु नै प्रधान रहेको भन्दै अखिल नेपाल औद्योगिक मजदुर संघ हेसिउलिका अध्यक्ष दीपकसिंह थोकरले उत्पादन नियमित गर्न माग गरिएको बताए ।

उद्योगका उच्चपदस्थ स्थायी कर्मचारीका लागि उद्योग बन्द हुनु र संचालनमा आउनुमा खासै फरक नहुने भएपनि मजदुरका लागि रोजीरोटी नै गुम्ने अवस्था रहेको संगठनहरुले बताएका छन् । उद्योग बन्द हुँदा मजदुरहरुलाई समस्या पर्ने अध्यक्ष थोकरले सुनाए । २०४३ सालमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगमा हाल २ सय २० जना कर्मचारी छन् । विगतमा ७ सय बढी कामदारले उद्योगमा काम गर्ने गरेका थिए । मजदुरहरुको पहिलो माग भनेको उद्योग सञ्चालन हुनुपर्ने रहेको थोकर बताउँछन् ।

समग्र उद्योग ट्रेड युनियन हेटौंडा सिमेन्ट उद्योगका अध्यक्ष यमबहादुर बस्नेतले ३ महिनामा ६ लाख बोरा सिमेण्ट उत्पादन गर्नुपर्ने उद्योगले ६ महिनामा जम्मा ४ लाख बोरा मात्र सिमेण्ट उत्पादन गरेको बताए । उद्योगको नियमित उत्पादनले सरकारलाई फाइदा पुग्नुका साथै मजदुरहरुको जिवनयापनमा पनि सहजता हुने मजदुरहरुले बताएका छन् । विजया दशमीपछि उद्योग नियमित सञ्चालन गरिने भनिएता पनि प्रशासन गम्भिर नभएको मजदुर संगठनहरुले आरोप लगाएका छन् । हेटौंडाभित्र रहेका दुई वटा निजी सिमेन्ट उद्योग निरन्तर संचालनमा रहँदा सरकारी स्वामित्वकै उद्योग बन्द हुनुले राम्रो सन्देश नगएको मजदुरहरु बताउँछन् । हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापन समिति अध्यक्ष गणेश भेटवालले कोइलाको अभावका कारण उद्योगको उत्पादन बन्द भएको बताए । उद्योगमा कोइला आपूर्ति सुरु भएको र केही दिनभित्रै उत्पादन थाल्ने अध्यक्ष भेटवालले बताए ।

# राष्ट्रघातीहरु डराए: थापा

हेटौंडा, २७ असोज/ मकवानपुर-१ बाट प्रतिनिधिसभा निर्वाचन लड्न लागेका राप्रपा नेपालका अध्यक्ष कमल थापाले राष्ट्रघातीहरु डराएको टिप्पणी गरेका छन् ।

उनले आफू नेकपा एमालेसँग सहकार्य गरेर अघि बढ्न खोज्दा राष्ट्रघातीहरु डराएको बताए । थापा एमालेको सुर्य चिन्हबाट निर्वाचन लड्ने तयारीमा छन् ।

उनले एमालेलाई राष्ट्रवादी शक्ति भएको दाबी गर्दै राष्ट्रवादीसँग राष्ट्रवादी मिल्दा देखन नसक्नेहरु राष्ट्रघाती भएको आरोप लगाए । एमालेको सहयोगमा लोकप्रिय सुर्य चुनाव चिन्हबाट निर्वाचन उठन पाउँदा आफु निकै खुसी भएको थापाले बताए ।

राप्रपा नेपालको निर्वाचन केन्द्रित मकवानपुर जिल्लास्तरीय भेलालाई सम्बोधन गर्दै उनले राष्ट्रवादी शक्तिलाई कमजोर बनाउने देशीविदेशी शक्तिहरु लागिपरेको आरोप लगाएका छन् ।

मकवानपुरगढी गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
मक्रान्चुली, मकवानपुर
बागमती, प्रदेश

## ढुंगा, गिट्टी, बालुवा, ग्राभेल कर उठाउने ठेक्का (E-Bidding) सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७९।०६।१७)*

यस गाउँपालिकाबाट आर्थिक वर्ष २०७९/०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ र सोही ऐनको परिच्छेद ९ को दफा ६२(क) को उपदफा (१) अनुसार यस गाउँपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदी खोलाहरुमा ढुंगा गिट्टी, बालुवा, ग्राभेल आदि कूल संकलन देहाय बमोजिम घनफिट. मात्र बिक्रीमा प्रति घन फिट रु. ९।०० (भ्याट बाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट E-Bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै टेण्डर खरिद गर्दा मकवानपुरगढी गाउँपालिकाको नाममा **नबिल बैंकमा रहेको ग. १-१ आन्तरिक राजश्व खाता नं २२१०१०१७५०००५५** मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गरी अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि वेबसाइट www.bolpatra.gov.np/epg मा गई Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

ढुंगा, गिट्टी, बालुवा, ग्राभेल बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८० (जेष्ठ मसान्त) सम्मको लागि

**तपसील**

| ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन फिट | न्यूनतम ठेक्का अंक रु. मा (कर बाहेक) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| 01/MGRM/NCB/GOODS/2079/080 | सामरी खोला र कार्की खोला | ९५९२८१३।२७८ | रु.८६३३५३१९।५० | रु.५०००।०० |







## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं ।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं ।
- निर्धारित दर सार्वजनिक गरौ र विज्ञापन बोर्डमा समेत पठाऔं ।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना